annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३००, पृष्ठ ८ | काठमाडौं, सोमबार २५ फागुन २०८२ | चैत्र कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४६ | MONDAY, MARCH 9, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# कहाँ चुक्यो कांग्रेस, किन भयो नमिठो हार ?

जेन-जी आन्दोलनपछि तत्कालीन सभापति शेरबहादुर देउवासहितको संस्थापनबिना नै विशेष महाधिवेशन गरेर कांग्रेसको नयाँ नेतृत्व चयन गरियो । गगनकुमार थापाको नेतृत्वमा विश्वप्रकाश शर्मालगायतका नेताहरूले पार्टीमा ‘विद्रोह’ गरेर कांग्रेस बदलिएको आभास दिलाउन खोजे पनि मतदाताले विश्वास गरेनन् ।




राधा खनाल | *काठमाडौं*

विस्तृत पृष्ठ २

## कांग्रेस हार्नुका ५ कारण

विश्लेषण

**भीम भुर्तेल**

‘नेतृत्व परिवर्तन गरेर कांग्रेस सुध्रिन्छ, कांग्रेस सुध्रिए देश सुध्रिन्छ’ भन्ने नाराका साथ आम निर्वाचनमा होमिएको नेपाली कांग्रेसले इतिहासकै सबैभन्दा ठूलो पराजय बेहोरेको छ। कांग्रेसको यो पराजयको मुख्य कारण अरू कोही नभएर कांग्रेस आफैं हो। सुधारको बाटोमा हिँड्ने प्रयास गरे पनि आन्तरिक कमजोरी, विचारधारा, सिद्धान्त र आदर्शबाट बिचलित निर्णयगत त्रुटिहरूले गर्दा कांग्रेस चुनावी मैदानमा पछारिन पुग्यो।

कांग्रेसको यो हार इतर शक्तिभन्दा पनि आफ्नै नीतिगत र व्यावहारिक असफलताको परिणाम हो। यसलाई निम्न ५ बुँदामा विश्लेषण गर्न सकिन्छः

**१. भदौ २३ को घटनालाई सम्बोधन गर्न अलमल**

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि, नेपालको संविधान, बालबालिका ऐन, शिक्षा ऐन र २०६७ सालमा ‘बालबालिका शान्ति क्षेत्र’ अभियानप्रति दलहरूले जनाएको प्रतिबद्धताविपरीत विद्यालयका बालबालिकालाई राजनीतिक कार्यक्रममा प्रयोग गरियो। विधिपूर्वक गठित सरकारलाई सडकबाट अपदस्त गर्ने उद्देश्यले बालबालिकालाई मृत्युको मुखमा धकेल्ने र त्यसबाट उत्पन्न आक्रोशलाई प्रयोग गरी भदौ २४ गते गरिएको अराजकता, आगजनी र तोडफोडको घटनाको विरुद्धमा कांग्रेस डटेर उभिन सकेन। यो कांग्रेसको सबैभन्दा ठूलो गल्ती थियो।

**२. दण्डहीनता र न्यायको पक्षमा कमजोर अडान**

राज्यको प्राथमिक दायित्व नागरिकको जीवन, स्वतन्त्रता र सम्पत्तिको रक्षा गर्नु हो। यी आधारभूत अधिकारमाथि हमला गर्नेहरू देश र जनताका अपराधी हुन्। तर, कांग्रेसले ती घटनालाई ‘क्रान्ति’ ठहर गर्ने गल्ती गर्‍यो। कुन दलका कार्यकर्ता संलग्न थिए भन्ने खोज्नुभन्दा पनि ‘क्रान्ति’ भनी दिएपछि भोट पाइन्छ भन्ने भ्रममा कांग्रेस रह्यो। कांग्रेसको यो दोधारे नीतिले जनतामा अन्योल सिर्जना गर्‍यो। ‘क्रान्तिकारी’ छवि त रास्वपाकै थियो, त्यसैले जनताले उसैलाई रोजे।

बाँकी पृष्ठ ६

# मधेसबाटै बढारिए मधेस केन्द्रित दल

## ३२ मध्ये ३१ सिटमा रास्वपा विजयी

**मनिका झा** | *जनकपुरधाम*
**राजकरण महतो** | *बर्दिबास*







मधेसका ८ जिल्लामा ३२ निर्वाचन क्षेत्र छन्। तर, मधेस केन्द्रित दलले यहाँका कुनै पनि क्षेत्रबाट चुनाव जित्न सकेनन्। अर्थात्, मधेस आन्दोलनको राप र तापबाट राष्ट्रिय राजनीतिमा उदाएका मधेस केन्द्रित दल मधेसमै शून्य भए।

पहिचान, समावेशीता र संघीयताको नारा दिएर मधेसमा राजनीति गर्दै आएका दलहरूलाई मधेसका जनताले यसपालि रुचाएनन्। तर, मधेस केन्द्रित दलका नेताहरूले ‘चुनाव हारे पनि जनताको विश्वास अझै जीवित’ रहेको तर्क गरिरहेका छन्।

सबैभन्दा अचम्म त, ०६४ को मधेस आन्दोलनबाट उदाएका शीर्ष नेतासमेत मधेस आन्दोलनको ‘इपिसेन्टर’ बाटै चुनावमा पराजित भए। जनता समाजवादी पार्टीका संयोजक उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत, पटक-पटक सरकारमा मन्त्री बन्दै आएका शरतसिंह भण्डारी, राजकिशोर यादव, तथा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोलगायत प्रमुख नेताले आफ्नै गृहजिल्लामा नराम्ररी हार बेहोरे।

निर्वाचनको बेला उम्मेदवारहरूलाई टिकट दिने क्रममा निकै अनुदार देखिएका मधेस केन्द्रित दलहरूलाई पार्टी भित्रैबाट पनि विद्रोह र असन्तुष्टिले चुनावी परिणाममा शून्य बनाएको हो। जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले छोरीलाई उम्मेदवार बनाएपछि पार्टीमा चरम असन्तुष्टि थियो। ८६ वर्षको उमेरमा आफू राष्ट्रियसभामा गएका ठाकुरले छोरी डा. मिनाक्षी झालाई महोत्तरी क्षेत्र नम्बर ३ बाट टिकट दिए। तर, मिनाक्षीलाई जनताले विश्वास गरेनन्। रास्वपाका उज्वल झाले २४ हजार २८० मत प्राप्त गरेर विजय हुँदा मिनाक्षीले १ हजार ९ सय ५५ मत मात्रै पाइन्। ०७० को निर्वाचनमा सम्धिनी इन्द्रा झालाई समानुपातिकबाट संविधानसभा सदस्य बनाएपछि ठाकुर निकै आलोचित भएका थिए।

१९ पटकसम्म मन्त्री बनेका जसपाका शरतसिंह भण्डारीले यसपटक आफ्नै गृहजिल्लामा हार बेहोरे। महोत्तरी-२ बाट उनलाई रास्वपाका दीपककुमार साहले पराजित गरे। दीपककुमारले ३२ हजार ७ सय २२ मत ल्याएर निर्वाचित हुँदा भण्डारी १० हजार १ सय ९८ मतमा सीमित भए। ‘मधेस आन्दोलनपछि यहाँका जनताले मधेस केन्द्रित दलमाथि ठूलो आशा र भरोषा राखेका थिए। तर, जनताको आशा र भरोषा यी दलहरूले पूर्ति गर्न नसकेकै कारणा अहिलेको मतपरिणाम आएको हो,’ जसपा मधेस प्रदेशका कार्यकारीणी सदस्य महाशंकर ठाकुर भन्छन्, ‘सत्ताको मोहमा अल्झिएका मधेस केन्द्रित दलप्रति जनता मात्रै नभए पार्टीका कार्यकर्ताहरूमा समेत वितृष्णा फैलिएकै कारण रास्वपाको पक्षमा निर्णय लिन बाध्य भएका हुन्।’

मधेसमा ‘स्वराज’ को नारा दिएर स्थापित भएका जनमत पार्टीका अध्यक्ष डा. सिके राउत सप्तरी-२ बाट पराजित भए। यादवलाई रास्वपाका रामजी यादवले २८ हजार ४ सय ४ मत ल्याएर पराजित गरेका हुन्। सीके प्रतिस्पर्धामा तेस्रो भए। उनले ९ हजार ८ सय ८० मत मात्रै पाए। जसपाका उमेशकुमार यादव १४ हजार २ सय ६३ मत पाएर दोस्रो प्रतिस्पर्धी बने। राजनीतिक विश्लेषकका अनुसार यसपटकको परिणाम केवल निर्वाचन परिणाम मात्र नभई मधेसको राजनीतिक मनोविज्ञानमा आएको गहिरो परिवर्तनको संकेत पनि हो।

बाँकी पृष्ठ ६

# प्रत्यक्षतर्फ मात्रै १२५ सिटको आकलनमा रास्वपा

## कांग्रेस दोस्रो, एमाले तेस्रो

**काठमाडौं** (अन्नपूर्ण): प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फको मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उल्लेखनीय रूपमा अगाडि छ। आइतबार मध्यरातिसम्म सार्वजनिक नतिजाअनुसार रास्वपाले १ सय २३ सिटमा विजय हासिल गरेको छ भने थप २ सिटमा अग्रता बनाएको छ। प्रत्यक्षतर्फ मात्रै रास्वपा १ सय २५ सिट जित्ने आकलन रास्वपाको छ।

हालसम्मको गणनाअनुसार प्रत्यक्षतर्फका १ सय ६५ मध्ये १ सय ६४ निर्वाचन क्षेत्रको अवस्था सार्वजनिक हुँदा १ सय ६० स्थानमा विजयी उम्मेदवारको टुंगो लागेको छ।

मुख्य दलहरूमा नेपाली कांग्रेसले १७ सिट जितेको छ। नेकपा एमालेले ८ सिट जित्दा थप २ क्षेत्रमा अग्रता कायम गरेको छ। नेपाली कम्युनिस्ट पार्टीले ७ सिट जितेको छ भने श्रम संस्कृति पार्टीले ३ सिटमा विजय हासिल गरेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीले १ सिट जितेको छ भने रास्वपाको समर्थनमा स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी भएका छन्।

**समानुपातिकमा रास्वपाको फराकिलो अग्रता**

निर्वाचन आयोगको आइतबार मध्यरातिसम्मको तथ्यांकअनुसार कुल ६१ लाख ४८ हजार ९ सय ९ मत गणना भइसक्दा रास्वपाले पहिलो स्थानमा आफ्नो मजबुत पकड कायम गरेको देखिन्छ। रास्वपाले ३० लाख १४ हजार ८४ मत प्राप्त गरेको छ। दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले १० लाख १० हजार ८ सय २६ मत प्राप्त गरेको छ भने तेस्रो स्थानमा रहेको नेकपा एमालेले ८ लाख ७० हजार ६ सय ५४ मत पाएको छ।

चौथो स्थानमा रहेको नेपाली कम्युनिस्ट पार्टीले ४ लाख २३ हजार २ सय ३८ मत ल्याएको छ। राप्रपाले २ लाख १६ हजार ५ सय ११, श्रम संस्कृति पार्टीले १ लाख ६६ हजार ७ सय ९४ मत पाएका छन्। रास्वपाले कुल मतको करिब ४९.०१ प्रतिशत मतसहित आफ्नो एकलौटी वर्चस्व कायम गरेको छ। कांग्रेसले १६.४३ प्रतिशत एमालेको हिस्सा १४.१५ प्रतिशत देखिएको छ।

# ५०,००० कटाउनेहरू

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*





प्रतिनिधिसभा निर्वाचनमा यसपटक १२ जना उम्मेदवारले ५० हजारभन्दा बढी मत कटाएर सानदार जित हासिल गरेका छन्। ५० हजार बढी मत ल्याउनेमा भावी प्रधानमन्त्रीका रूपमा चर्चा गरिएका बालेन्द्र शाह (बालेन) देखि रास्वपा सभापति रवि लामिछानेसम्म छन्। रोचक कुरा के छ भने, धेरै मत ल्याएर जित्ने शीर्ष १२ जना नै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार छन्।

१. **बालेन्द्र शाह (बालेन), झापा-५ : ६८,३४८**

सबैभन्दा धेरै मत भावी प्रधानमन्त्रीका रूपमा हेरिएका बालेन्द्र शाह (बालेन) ले प्राप्त गरेका छन्। उनले ६८ हजार ३ सय ४८ मत ल्याएर विजयी सुरुवात गरे। बालेनले पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भारी मतान्तरले पराजित गरे। ६ पटक झापा ५ बाट जित्दै आएका ओलीलाई उनले ४९ हजार ६ सय १४ मतान्तरले रोकेका हुन्। ओलीले १८ हजार ७ सय ३४ मत मात्रै प्राप्त गरे।

२. **इन्दिरा रानामगर, झापा-२ : ६०,११०**

दोस्रो धेरै मत ल्याएर झापा-२ बाट इन्दिरा रानामगर विजयी भएकी छन्। उनले ६० हजार १ सय १० मतका साथ पूर्वसभामुख एवं एमाले नेता देवराज घिमिरेलाई ठूलो मतान्तरले पराजित गरिन्। घिमिरेले ११ हजार ३ सय ६८ मत मात्र ल्याए। स्वागत नेपालको नामले चिनिने भद्रप्रसाद नेपालले यसपटक राप्रपाबाट ३ हजार ९ सय ६६ मत मात्र पाए।

३. **सोविता गौतम, चितवन-३ : ५९,२७७**

चितवन-३ को प्रतिस्पर्धा निकै रोचक रह्यो। भरतपुरकी पूर्वमेयर रेनु दाहाललाई ५९ हजार २ सय ७७ मतका साथ सोविता गौतमले पराजित गरिन्। दाहालले २० हजार ६ सय १५ मत मात्र पाइन्। २०७९ मा काठमाडौं-२ बाट जितेकी गौतम यसपटक चितवन झरेर विजयी भएकी हुन्।

४. **डा. लेखजंग थापा, रूपन्देही-३ : ५८,८१४**

रूपन्देही ३ बाट डा. लेखजंग थापा ५८ हजार ८ सय १४ मत ल्याएर विजयी भए। उनले एमालेका चर्चित नेता बासुदेव घिमिरे र कांग्रेसका सुशील गुरुङलाई ठूलो अन्तरले हराए। उत्कृष्ट तिलोत्तमा नगरपालिकाको मेयर भइसकेका घिमिरे रास्वपाको लहरअघि निरीह देखिए।

५. **हरि ढकाल, चितवन-१ : ५८,२०८**

चितवन-१ मा ५८ हजार २ सय ८ मत ल्याएर हरि ढकाल दोस्रोपटक निर्वाचित भएका छन्। उनले कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटी (१३,०३३ मत) र एमालेका दावादोर्जे लामा (१०,८९९ मत) लाई फराकिलो अन्तरले पराजित गरे। २०७९ मा पनि ढकालले यही क्षेत्रबाट सुरेन्द्र पाण्डे र विश्व पौडेललाई हराएका थिए।

६. **लालविक्रम थापा, सुनसरी-२ : ५७,३४८**

सुनसरी २ मा लालविक्रम थापाले ५७ हजार ३ सय ४८ मत ल्याएर कांग्रेसका राजीव कोइरालालाई पराजित गरे। कोइरालाले १६ हजार ७१ मत पाउँदा एमालेका सुजन लामा ८ हजार ३ सय ३ मतमा सीमित भए। २०७९ मा यहाँबाट एमालेका भीम आचार्य निर्वाचित भएका थिए।

७. **सुलभ खरेल, रूपन्देही-२ : ५६,५५०**

अधिवक्ता सुलभ खरेलले रूपन्देही-२ मा ५६ हजार ५५० मत ल्याएर एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई स्तब्ध पारे। बुटवलको विकासका सर्जक मानिने पौडेलले १२ हजार ८ सय ६१ मत मात्रै पाए।

बाँकी पृष्ठ ६